# श्री फुलवस्ती चैतोडा सामुदायिक वन उपभोक्ता समूह

## गोदावरी न.पा४,कैलाली

पत्र संख्या : २०८०/०८१
च.नं.

**गोलिया काठ लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना।**
(प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/१०/२३)

**फूलवस्ती चैतोडा सा.व.उ.स.गोदावरी न.पा.४** कैलालीको आ.व. २०७८/०७९ मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाटगद्दी भएको तपसिल वमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को नियम ९ मा व्यवस्था भए वमोजिमका उद्योगहरुले यो सूचना मिति २०८०/१०/२३ गतेको **मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले २१ (एककाईस) दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र खरिद गरी २२ औ दिनमा दाखिला गर्न आब्हान गरिन्छ।

**तपशिल:**

| लट नं. | १.वन पैदावारको विवरण | | | | | संकलन खचं रु.प प्रति क्यु.फिट/प्रति चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जात | ग्रेड | गोलिया थान | काठको परिमाण क्यु फिट/चट्टा | न्युनतम मुल्य | | |
| १ | साल गोलिया | ए | ५० | ७९०।४३ | ७९०४३०।०० | २६०.०० | |
| | | बि | ११८ | १००६।५० | ७०४५५०।०० | | |
| | | सि | ९२ | ५०६।५० | २५३२५०।०० | | |
| | | डि | २६ | ९८।६८ | २४६७०।०० | | |
| | जम्मा | | २८६ | २४०२।११ | १७७२९००।०० | | |
| | **दाउरा सालको** | | | **३।५चट्टा** | **१५०००।०प्रति चट्टा** | १५०००.०प्रति चट्टा | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८०/११/१४ (ख) समय: आपरान्ह ४:०० बजे सम्म
३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८०/११/१५ (ख) समय: दिँउसो १:०० बजे सम्म
४) बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस फूलवस्ती चैतोडा **सा.व.उ.स.गोदावरी न.पा.वा.नं.४ कैलालीको कृषि विकास बैंक लिमिटेड अत्तरिया शाखामा** रहेको खाता नं.०८२३४०१०४०८१२०१६ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ।
५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस **श्री फुलवस्ती चैतोडा सा.व.उ.स.गोदावरी न.पा.४ कैलालीबाट** खरिद तथा दाखिला गर्न सकिनेछ।
६) लिलाम बढाबढ हुने वन पैदावार गोदावरी न.पा.४ कैलाली स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।
७) लिलाममा भाग लिन ईच्छुक ब्यक्ति, कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।
८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०/११/१५ गते दिनका ३:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ।
९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, संकलन खर्च (कटान मुछान र ढुलान खर्च) छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ।
१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ।
१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ।
१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ।
१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन अनुरोध छ।
१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ।

ईति सम्वत २०८०।१०।२३ गते ३ शूभम्